# नेपाल बीमा प्राधिकरण, कर्णाली प्रदेश
# प्रदेशस्तरीय निबन्ध प्रतियोगिता

## सूचना प्रकाशन मिति: २०८२।११।१५

नेपाल बीमा प्राधिकरण, कर्णाली प्रदेश कार्यालयको आयोजनामा निबन्ध प्रतियोगिता सञ्चालन गरिने भएकोले कर्णाली प्रदेशभित्रका मान्यता प्राप्त विश्वविद्यालय वा शैक्षिक संस्थामा स्नातक तहमा अध्ययनरत इच्छुक विद्यार्थीहरूबाट निबन्ध पेश गर्न आह्वान गरिन्छ।

### निबन्धको शीर्षक

**"कर्णाली प्रदेशको उत्थानशील समाज र अर्थतन्त्र निर्माणका लागि बीमा"**

***"Insurance for building a resilient society and economy in Karnali Province"***

### सहभागिताका शर्तहरू

१.प्रतियोगितामा सहभागी हुने प्रतिस्पर्धी कर्णाली प्रदेश भित्रको कलेज वा विश्वविद्यालयमा स्तानक तहमा अध्ययनरत रहेको हुनुपर्नेछ ।

२.लेखनको भाषा नेपाली वा अंग्रेजी मध्ये एक हुनुपर्नेछ । नेपाली भाषा भए कोकिला १६ फन्ट साइज र अङ्ग्रेजी भए Times New Roman १२ फन्ट साईजमा हुनुपर्नेछ ।

३. निबन्ध बढीमा १५०० शब्दको हुनुपर्नेछ ।

४. प्रतियोगीले आफ्नो सृजना नेपाल बीमा प्राधिकरण, कर्णाली प्रदेश कार्यालयको इमेल आइडी eassy.karnali@nia.gov.npमा २०८२ चैत्र मसान्त भित्र पेश गर्नुपर्नेछ। निबन्ध पेश गर्दा प्रतियोगीको हालसालै खिचिएको PP Size Photo र अध्ययन गरिरहेको संस्थाको परिचय खुल्ने कार्ड र अध्ययन गरिरहेको संस्थाको सिफारिस पत्र संलग्न गरी पठाउनु पर्नेछ।

५. निबन्ध मौलिक हुनुपर्नेछ र कुनै पनि प्रकारको साहित्यिक चोरी गरिएको हुनुहुँदैन। प्राप्त निबन्धहरू AI Detector तथा Plagiarism Detector प्रयोग गरी जाँच गरिनेछ।

६. निबन्धको मूल्याङ्कन मापदण्ड निम्न बमोजिम हुनेछ ।

| क्र.स. | मापदण्ड | गुणाङ्क(%) | विवरण |
|---|---|---|---|
| १ | विषयबस्तुको ज्ञान | ४० | मुख्य विषयबस्तु प्रस्ट र सन्दर्भ |
| २ | भाषा तथा शैली | २० | प्रवाह, सरलता र साहित्य |
| ३ | संरचना | १० | प्रस्तावना, मुख्य भाग र निष्कर्ष |
| ४ | सृजनशीलता | २० | मौलिकता र नयाँ विचार |
| ५ | व्याकरण/ शुद्धलेखन | १० | त्रुटिरहित लेखन |

७.उल्लिखित शर्तहरू पुरा नभएमा निबन्ध प्रतियोगितामा समावेश गरिने छैन ।

८.उत्कृष्ट तीन निबन्धलाई पुरस्कार स्वरूप करसहित प्रथम रु. १५,०००/-,द्वितीय रु. १०,०००/-, र तृतीय रु. ५,०००/- का दरले प्रमाणपत्र सहित उपलब्ध गराइनेछ ।

९.पुरस्कार रकममा लाग्ने कर कट्टा गरी प्रदान गरिनेछ।

१०.निबन्ध प्रतियोगिता सञ्चालन उपसमितिको निर्णय अन्तिम हुनेछ । प्राप्त निबन्धको सर्वाधिकार (copyright) नेपाल बीमा प्राधिकरणमा निहित हुनेछ र ती निबन्धहरूलाई प्राधिकरणले आफ्ना प्रकाशनहरूमा प्रयोग गर्न सक्नेछ।

### थप जानकारी

**नेपाल बीमा प्राधिकरण, कर्णाली प्रदेश कार्यालय वीरेन्द्रनगर-०७, कालुञ्चोक, सुर्खेत**

फोन: ०८३-५९०७४४/४४ ईमेल: eassy.karnali@nia.gov.np